## याङवरक गाउँपालिकाको

# सार्वजनिक सुनुवाइ कार्यक्रम

## आ.व.२०७९।०८० तेस्रो त्रैमासिक अवधिको

## *प्रतिवेदन*



**आयोजक**

**याङवरक गाउँपालिकाको कार्यालय थर्पु पाँचथर**

## सहजकर्ता

ग्लोबल कम्युनिकेसन एण्ड मिडिया कर्नर प्रालिद्धारा सञ्चालित रेडियो मितेरी ९८.२ मेगाहर्ज फिदिम पाँचथर

# विषयवस्तु

१. पृष्ठभूमी
२. कार्यक्रमको उदेस्य
३. कार्यक्रमबाट अपेक्षा गरिएका उपलव्धि
४. कार्यक्रमको सम्क्षिप्त जानकारी
५. कार्यक्रमको विवरण
६. सार्वजनिक सुनुवाइमा उपस्थिति विवरण
७. हाजिरी विवरण
८. सञ्चालन प्रक्रिया
९. सार्वजनिक सुनुवाइ कार्यविधि
१०. कार्यक्रममा भएका सवाल जवाफ
११. सुझाव खण्ड
१२. सार्वजनिक प्रतिवद्धता
१३. कार्यक्रमका सवल पक्षहरु
१४. सुधार गर्नुपर्ने पक्षहरु
१५. निष्कर्ष
१७. समुदाय स्तरका नागरिकसग गरिएको प्रश्नावली
१८. कार्यक्रमका तस्वीरहरु ।

## १. पृष्ठमुमिः

विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासहरुलाई स्थानीय स्तरबाट व्यवस्थित गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ । तिनै ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् । कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जनगुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालायका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनता प्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहन्छ याङवरक गाउँपालिकाले गाउ र वडा कार्यालयबाट प्रवाह गरिरहे सेवा, विकास निर्माण, बजेट, भौत्तिक पूर्वाधार निर्माण, समाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । स्थानीय तहले सञ्चालन गरेका विकास निर्माण कार्यहरु तथा स्थानीय बासिन्दाहरुका लागि पु¥याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुणासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पु¥याउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पु¥याउनेछ । यसको साथै हालको वर्ष यता स्थानिय तहहरुको कार्य सम्पादनमा आधारित अनुदान वितरण पद्धती लागु गरेको र नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यलाई सुचनाको हक दिलाउने एउटा औजारको रुपमा राखिएकोले पनि यसको अपरिहार्यतालाई प्रष्ट पार्दछ । सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनका लागि सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (सञ्चालन तथा ब्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले सञ्चालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । यसैविच याङवरक गाउँपालिकाले सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्बन्धि कार्यविधि २०७८ जारी गरेको छ । यस गाउँपालिकामा सोहि कार्यविधिलाइ आत्मसात गर्दै सार्वजनिक सुनुवाइ आयोजना गर्ने गरिएको छ ।

आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणका कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो

तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उदेस्यले सार्वजनिक सुनुवाइ सञ्चालन गरिएको थियो । याङवरक गाउँपालिकामा २०८० वैशाख १२ गते चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिको सार्वजनिक सुनुवाइ गरियो ।

## २. कार्यक्रमको उदेश्य

यस कार्यक्रमको मुख्य उद्देश्य याङवरक गाउँपालिकाबाट चालु आर्थिक वर्ष २०७९/०८० मा सञ्चालन गरिएका योजना तथा पालिकाका बासिन्दाहरुलाई पु¥याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए ।

- जनगुणासाहरु सुन्नु ।
- जनताको समस्यामा छलफल गर्नु ।
- गाउँपालिकामा अर्ध वार्षिक अवधिमा गरिएका कामहरुको मूल्याङ्कन गर्नु ।
- आगामी दिनहरुमा गाँउपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु ।
- याङवरक गाउँपालिकाका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुका बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

## ३. कार्यक्रमबाट अपेक्षा गरिएका उपलब्धि:

(क) गाउँपालिका स्थानीय सेवाग्राहि बीचको सम्बन्ध अझ राम्रो हुनेछ ।

(ख) आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्याङ्कन हुनेछ ।

## ४. कार्यक्रमको संक्षिप्त जानकारी

**सार्वजनिक सुनवाई संयोजन गर्ने ब्यक्ति तथा सस्थाको नाम:-** ग्लोवल कम्युनिकेशन एण्ड मिडिया कर्नर प्रा.लिद्वारा सञ्चालित रेडियो मितेरीका तर्फबाट लक्ष्मी गौतम र खविन लुइटेल ।

**सार्वजनिक सुनुवाईको विषय:** याङवरक गाउँपालिकाद्वारा चालु आ.व २०७९/०८०को माघ  १ गतेदेखि चैत मसान्त सम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता।

**कार्यक्रम आयोजक**:  याङवरक गाउँपालिकाको कार्यालय थर्पु पाँचथर

## ५. कार्यक्रमको विवरण

- मिति : २०८० साल बैशाख १२ गते तेस्रो त्रैमासिक अवधिको
- स्थान : गुप्तेश्वर मावि अयाम पाँचथर
- समय : दिनको १२०० वजेदेखि ०४०० वजेसम्म

**जवाफदेही वक्ताहरु**

- याङवरक गाउँपालिका अध्यक्ष श्री भिमवहादुर योङया  (सुवाष)
- याङवरक गाउँपालिका उपाध्यक्ष श्री श्री बाबा मेन्याङवो
- पाँचथरका प्रमूख जिल्ला अधिकारी श्री गणेश गैरे
- याङवरक गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत श्री सुमन लिङदेन
- याङवरक गाउँपालिका अध्यक्ष श्री वडा नम्वर १ का अध्यक्ष श्री राजेश खालिङ
- याङवरक गाउँपालिका वडा नं २ का अध्यक्ष श्री देउकुमार योङहाङ
- याङवरक गाउँपालिका वडा नं ३ का अध्यक्ष श्री बिमल राई
- याङवरक गाउँपालिका वडा नं ४ का अध्यक्ष श्री सविन मावो
- याङवरक गाउँपालिका वडा नं ५ का अध्यक्ष टेकनाथ न्यौपाने
- याङवरक गाउँपालिका वडा नं ६ का अध्यक्ष श्री अमृत बहादुर योङहाङ

**शाखा प्रमुखहरु**

- प्राविधिक शाखा
- योजना शाखा प्रमूख
- शिक्षा शाखा प्रमुख
- स्वास्थ्य शाखा प्रमुख
- कृषि शाखा प्रमुख
- पशु शाखा प्रमुख
- वडा सदस्यहरु

**अतिथि तथा सञ्चारकर्मीहरु**

- नेपाली कांग्रेस पालिका सभापति श्री शेरवहादुर नुगो
- प्रतिनिधि नेकपा एमाले
- प्रतिनिधि नेकपा माओवादी केन्द्र  पालिका अध्यक्ष श्री महेन्द्र योङया
- प्रतिनिधि जसपा
- प्रतिनिधि राप्रपा
- नेकपा एमाले ययाङवरक गाउँपालिका सचिव श्री डिल्ली सुवेदी
- पत्रकार श्री रविन्द्र काफ्ले
- माध्यामिक विद्यालयका प्रधानाध्यापकहरु
- सहकारी सस्थाका पदाधिककारी र अध्यक्षहरु

**६. सार्वजनिक सुनुवाइ सञ्चालन प्रकृया**

**प्रारम्भिक चरण**

**(क) समन्वयात्मक बैठक:** याङरक गाउँपालिका द्धारा चालु आ.व २०७९/०८० को तेस्रो त्रैमासिक अवधिसम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको लागि गाउँपालिकाले गरेको निर्णय अनुसार याङवरक गाउँपालिका अध्यक्ष श्री भिमवहादुर योङया (सुवाष) उपाध्यक्ष श्री बाबा मेन्याङवो प्रमूख प्रशासकीय अधिकृत श्री सुमन लिङदेन सँग रेडियो मितेरीका नेपालका अध्यक्ष एवं सहजकर्ता श्री लक्ष्मी गौतम र स्टेशन म्यानेजर श्री खविन लुइटेलले भेटघाट गरी समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाई गर्ने सहमती र सम्झौता गरियो। सार्वजनिक सुनुवाई सञ्चालन गर्ने मिति तय भए पश्चात् सार्वजनिक सुनवाई सञ्चालनको लागि आवश्यक तयारी गरियो।

**(ख) सहजकर्ताको छनौट तथा समन्वय**

याङवरक गाउँपालिको कार्यालयले आयोजना गरेको गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाईलाई ब्यवस्थापन का सन्दर्भमा समन्वयका कार्यहरु गरियो । याङवरक गाउँपालिको सहजीकरणको सम्पूर्ण जिम्मेवारी ग्लोवल कम्युनिकेशन एण्ड मिडिया कर्नर प्रालिद्वारा सञ्चालित रेडियो मितेरीलाइ दिइएको थियो।

**(ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ती कसरी उपलव्ध गराउने गरिएको छ ?**

सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ सुशासन नियमावली, सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, याङवरक गाउँपालिकाले सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्बन्धि कार्यविधि २०७८, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार सञ्चालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्धारा गरिएको थियो ।

**(घ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार**

चालु आ.व २०७९/०८० को तेस्रो त्रैमासिक अवधिसम्ममा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइमा नागरिकहरुको सहभागीताअभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले रेडियो मितेरी ९८.२ मेगाहर्ज रेडियो तमोर ताप्लेजुङ,रेडियो आठराई तेह«थुम,रेडियो बिएससी फिदिम र रेडियो दिव्यवाणी एफएम फिदिम मार्फत सातदिनसम्म निरन्तर १०० पटक सूचना प्रसारण गरिएको ।

सार्वजनिक सुनुवाई कार्यक्रमको रेडियो मितेरी ९८.२ मेगाहर्ज, रेडियो दिव्यवाणी फिदिम र रेडियो तमोर ताप्लेजुङबाट प्रत्यक्ष प्रशारण गरिएको थियो ।

कार्यान्वयन चरण

सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख\प्रतिनिधिहरु, पत्रकार लगाएत सञ्चार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी राजनैतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथा स्थानमा आशन ग्रहण गराइएको थियो । सहजकर्ताहरुद्वारा सार्वजनिक सुनुवाईको बारेमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गरिएको थियो । कार्यक्रममा न्यायिक समितिबाट प्रवाह भएको कार्य प्रगती,न्याय सम्पादन प्रकृया र योजनाहरुको अनुगमन तथा राजस्व संकलन सम्वन्धि वि-विध जानकारी उपाध्यक्ष श्री बाबा मेन्याङबो बाट गरियो । कार्यक्रममा गाउँपालिकबाट सञ्चालन भएका

योजनाहरुको विषयमा पनि उपाध्यक्ष मेन्याङबोले दिर्घकालिन तथा दुरगामी महत्व राख्ने योजनाहरुको प्रश्तुतीकरण गरिएको थियो । वडाअध्यक्षहरुले प्रस्तुतीकरणमा वडा कार्यालबाट सहज रुपमा सेवा दिएको, सडक, शिक्षा, स्वास्थ्य लगाएका क्षेत्रहरुमा प्रभावकारी रुपमा गरेको बताएका थिए । त्यसपछि सहजिकरण गर्ने सस्थाले सकलन गरेको नागरिक प्रतिवेदन, बहिर्गमन अभिमत र वडाहरुबाट नागरिकले राखेका जिज्ञासा तथा सुजावको भीडीयो  प्रश्तुत गरे पश्चात छलफलका लागि हल खुल्ला गरिएको थियो ।

छलफलमा नागरिकहरुले जिज्ञासा तथा गुनासाहरु राखी प्रश्नोत्तर गराइयो ।

जिल्लाको लोकप्रिय रेडियो सहित तीनवटा रेडियो मार्फत प्रत्यक्ष प्रशारण गरिएको सार्वजनिक सुनुवाई सञ्चालनको क्रममा उपस्थित नागरिकहरुलाई आफूले भोगेका, अनुभव गरेका तथा नरपालिकालाई अझै सक्षम र सम्बृद्ध बनाउनका लागि प्रश्न, जिज्ञासा तथा गुनासाहरु राख्न भनिएको थियो । आएका प्रश्नहरुको गाउँपालिका अध्यक्ष,उपाध्यक्ष,प्रमूख प्रशासकीय अधिकृत र प्रमूख जिल्ला अधिकारी र विषयगत शाखा प्रमूखसँग सरोकारवाला र नागरिकहरुबीच हाक्काहक्की प्रश्नोत्तर गराइएको थियो । सार्वजनिक सुनुवाई उठेका सबालहरु सम्बोधन सहित सबैलाई धन्यवाद दिँदै अध्यक्ष सुवाष योङयाले समापन गर्नु भएको थियो ।

**७) उपाध्यक्ष बाबा मेन्याङबोले सार्वजनिक सुनुवाइमा प्रश्तुत गर्नु भएको तेस्रो त्रैमासिकको रिपोर्ट**

## आर्थिक वर्ष २०७९।०८० को तेस्रो त्रैमासिक प्रगति प्रतिवेदन

### याङ्वरक गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### थर्पु , पाँचथर
### २०८० साल बैशाख १२ गते मंगलवार याङ्वरक गाउँपालिका वडा नं ,३ . ओयाममा गाउँपालिका उपाध्यक्ष श्री बाबा मेयाङ्वोले प्रस्तुत गर्नुभएको

### आर्थिक वर्ष २०७९।०८० को माघ ०१ गते देखि चैत्र मसान्त सम्मको प्रगति प्रतिवेदन

## याङ्वरक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### थर्पु , पाँचथर

# खण्ड-१
# परिचय र समीक्षा

**१. पृष्ठभूमी:**

**यस कार्यक्रमका सभाध्यक्ष महोदय सम्पुर्ण अतिथिहरु एवं उपस्थित ,विशेष अतिथि ,प्रमुख अतिथि , सम्पुर्ण दाजुभाइ दिदी बहिनिहरु,**

याङवरक गाउँपालिकाको आ२०७ .ब.९।०८० को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना भईरहँदा यस गाउँपालिकाको उपाध्यक्षको हैसियतले चालु आ२०७ .ब.९।०८० को तेस्रो त्रैमासिक प्रगति प्रतिवेदन पेश गर्न पाउँदा अत्यन्त गौरवान्वित महशुस गरेको छु। गाउँपालिकाले हाल सम्म गरेको कृयाकलापहरु आम याङवरकका नागरिकको घरदैलोमा गई सार्वजनिक गर्नु नागरिकलाई गाउँपालिकाले , सञ्चालन सुझाब भए सो संकलन गर्नु र आम ,दुविधा ,गरेको विकास निर्माण लगायत सेवा प्रवाह उपर कुनै प्रश्न याङवरकका नागरिक र स्थानीय सरकार बिचको दूरी कम गर्दै गाउँपालिकालाई सुशासन र पारदर्शी शासनको प्रत्याभुति दिनु नै आजको कार्यक्रमको मुलभूत उद्देश्य रहेको छ। यस पावन अवसरमा आम याङवरकका नागरिकले हाल सम्मको दिनमा याङवरक गाउँपालिकालाई समृद्ध सम्मुनत तथा पारदर्शी बनाउन प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा , पुर्याउनु भएको योगदान प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

अव म हजुरहरु समक्ष चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रमको त्रैमासिक अवधि २०७९ माघ १ गते देखी २०७९ चैत्र मसान्त सम्मको प्रगति प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु।

**(क) आर्थिक क्षेत्र**

**कृषिः-**

- कृषि पेशालाई मुख्य पेशाका रुपमा अगाल्ने याङवरक गाउपालिका भित्रका करिव ८५.०६ प्रतिशत नागरिकको जिवनस्तरमा सुधार गरी राष्ट्रिय लक्ष्यलाई आत्मसाथ गरी कृषि सेवा शाखाबाट चालु आ.व.मा विनियोजन गरिएको वित्तिय समानिकरण अनुदान र शसर्त अनुदान रकम अन्तर्गत विनियोजन भएका विभिन्न कार्यक्रम तथा परियोजनाहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको तथ्याङक छोटकरीमा प्रस्तुत गर्न चाहन्छु।
- तेस्रो चौमासिकको लक्ष अनुसार करिव ६५० कृषक परिवारलाई अनुदानमा बिभिन्न जातको तरकारीको बिउ-बिजन वितरण गरिएको।
- याङवरक गाउँपालिकालाई प्याजमा आत्मनिर्भर बनाउने उदेश्यले प्याज उत्पादनमा युवा लक्षित कार्यक्रम अन्तर्गत १४ जना लाभग्राहीहरुलाई प्याज उत्पादन अनुदान प्रदान गरी लाभग्राहीहरुको प्याज खेतिको स्थलगत अनुगमन नियमित रुपमा गरिदै आएको ।
- साना सिंचाई आयोजना लक्षित कार्यक्रम अन्तर्गतको लाभग्राही संस्थाहरु छनौट गरी कार्यक्रम कार्यान्वयन प्रकृया अगाडी बढाईएको।
- आलुबाली पकेट विकास कार्यक्रम सञ्चालन सम्पन्न गरी अनुदान रकम भुक्तानी गरिसकिएको जस अन्तर्गत वडा नं. २ मा श्री वेतेनी चुम्लुङ कृषक समूह र वडा नं. ५ मा पाथिभरा कृषक समूहले कार्यक्रम सञ्चालन गरेको थियो।
- अलैँचीबाली पकेट विकास कार्यक्रम निरन्तरता तर्फ कार्यक्रम सम्पन्न गरी अनुदान रकम भुक्तानी गरिसकिएको। यस कार्यक्रम वडा नं. ३ को श्री विहानी कृषक समूहले सञ्चालन गरेको थियो।
- पोषण सुरक्षामा टेवा पुर्याउने उदेश्यले वडा नं. ४ र ६ का ३६ जना सुनौलो हजार दिनका आमाहरुलाई करेशाबारी निर्माण सम्बन्धि तालिम र बिउ-बिजन वितरण गरिएको।

- कृषि विकास कार्यलाई समूह पद्दतिबाट सञ्चालन गर्ने हेतुले १ वटा नयाँ कृषक समूह दर्ता गरिएको साथै ३ वटा कृषक समूहको प्रमाण पत्र नविकरण गरिएको ।
- रासायनिक मलको प्रयोग र उपलब्धतालाई ध्यानमा राखि श्री याङवरक नुमुना साना किसान कृषि सहकारी मार्फत वडा नं. १-६ सम्म मल वितरण डिपोको स्थापना गरि मल विक्रि वितरण कार्यलाई निरन्तरता दिईएको ।

**पशुः-**

- आन्तरिक तथा वाह्य परजिवी नियन्त्रण कार्यक्रमका लागि ४ हजार ३ सय ७९ वटा पशुपंक्षीमा नाम्ले, माटे, जुका, जुम्रा, किर्ना, उपियाँ, उडुस, लुतोको औषधी वितरण गरिएको छ ।
- छुर्पी प्रवर्द्धन कार्यक्रमका लागि ५ वटा साझेदार सँस्था छनौट गरी कार्यक्रम कार्यान्वयनको क्रममा रहेको छ ।
- प्रजनन समस्या समाधानका लागि ७ वटा पशुमा डिस्टोकिया (वच्चा अड्किने) उपचार र ४ वटा पशुमा साथी नझर्ने समस्याको स्थलगत उपचार सेवा सम्पन्न भएको छ ।
- २३२ वटा पशुमा स्थलगत रुपमा पुगी समस्यागत रुपमा उपचार सेवा प्रदान गरिएको छ ।
- यस अवधिमा गाउँपालिकामा २ वटा कृषि तथा पशुपंक्षी फर्म र १ वटा डेरी उद्योग दर्ता भएको छ ।
- सवै वडावाट कृत्रिम गर्भाधान सेवा सञ्चालन हुदै आएको छ । यस अवधिमा २२३ वटा गाइ तथा भैसीमा कृत्रिम गर्भाधान सेवा पुर्याइएको छ ।

**उद्यमशिल विकास कार्यक्रम**

- यस कार्यक्रम सञ्चालनका लागी वडा नं. १ मा सिलाईकटाई सम्बन्ध तालिममा २० जना, वाँस फर्निचर सम्बन्धि ११ जना र हाउसवाईरिङ्ग सम्बन्धि १३ जना र वडा नं. ३ मा सिलाइ कटाइ सम्बन्धि २७ जनाले तालिम लिई रहेको छ ।

**(ख) सामाजिक क्षेत्र**

**शिक्षाः-**

- यस याङवरक गाउपालिकामा सञ्चालित ३७ सामुदायिक विद्यालय ६ संस्थागत विद्यालय ३५ वाल विकास केन्द्र र २ सामुदायिक सिकाई केन्द्रले शिक्षाको विकासमा महत्वपूर्ण योगदान गर्दै आएका छन । चालु आ.व. को तेस्रो त्रैमासिक अवधिकमा शिक्षा क्षेत्रमा भएको प्रगतिलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।
- याङवरक गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक, भौतिक तथा सञ्चालित वार्षिक परीक्षाको अनुगमन गर्नुका साथै कक्षा ८ को परीक्षा सन्चालन तथा व्यवस्थापन गरिएको ।
- गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी, वा.वि.के. शिक्षकहरुको तेस्रो त्रैमासिक तलब भत्ता निकासा गरिएको ।
- सामुदायिक विद्यालयमा कक्षा १ देखी कक्षा ६ सम्मका वालवालिकालाई प्रदान गरिने दिवा खाजा वाफतको रकम दोस्रो त्रैमासिक निकासा गरिएको ।
- शिक्षक सेवा आयोगबाट प्राथमिक तहमा सिफारिस गरिएका शिक्षकहरुको पदस्थापन कार्य सम्पन्न गरिएको ।

**स्वास्थय:-**

- जटिलतायुक्त गर्भवती प्रेषण गरेवापत एम्बुलेन्स खर्च १३ जनालाई भुक्तानी दिएको।
- पोषण मैत्री पालिका घोषणाको लागि सरोकारवालाहरुलाई अभिमुखिकरण गरिएको।
- मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, मेरुदण्ड पक्षघाका र क्यान्सर रोगका विरामीलाई उपचार खर्च वापत नेपाल सरकारले उपलब्ध गराएको मासिक रु. ५००० मा गाउँपालिकाबाट थप रु २०००/- गरि मासिक रु. ७०००/- का दरले २१ जना लाभग्राहीलाई रकम भुक्तानी गरिएको।
- पुर्ण खोप सुनिश्चितता र दिगोपनाको लागि घरधुरी सर्वेक्षण गरी पुर्णखोप सुनिश्चित वडा/पालिका घोषणको लगि स्वास्थ्यकर्मीबाट घरधुरि सर्वेक्षणको काम सकिएको।
- ७३ जना बच्चालाई पुर्ण खोप प्रदान गरिएको।
- ३९ जना सुत्केरीलाई प्रोटोकल अनुसार ३ पटक PNC Home Visit गरिएको।
- २८ जना गर्भवति महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराएको।
- १८३ जना व्यक्तिलाई क्षयरोग स्क्रनिङ गरिएको ।

**खानेपानी:-**

- पँधेरे, छयारछयारे खानेपानी आयोजना २ वटा प्याकेजको निर्माणको लागि बोलपत्र आवाह्वन भई सम्झौता भई कार्यान्वयन शुरु भएको छ। जसले १ सय घरधुरी प्रत्यक्ष लाभान्वित हुनेछन्।

**लैंगिक समानता तथा सामाजिक समावेशिकरण:-**

- याङवरक गाउँपालिका भित्रका विभिन्न वर्गका १६ जनालाई अपाङ्गता परिचय पत्र प्रदान गरिएको छ।
- याङवरक गाउँपालिका भित्रका ६० वर्ष माथिका १२ जना जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक परिचय पत्र प्रदान गरिएको छ।
- अपाङ्गता परिचय पत्र तथा अपाङ्गता भएका व्यक्तिको कामकाजलाई सहजिकरण गर्नको लागी सामाजिक विकास मन्त्रालयसँगको साझेदारीमा अपाङ्गता सहायता कक्षा स्थापना गरी हाल सञ्चालनमा रहेको छ।
- यस गाउँपालिकाको एक मात्र अपाङ्गताको हक, हितको लागी स्थापना भएको याङवरक अपाङ्गता संस्थालाई संस्था सुदृढीकरणको लागी अनुदान प्रदान गरिएको छ।
- युवाहरुलाई सिपयुक्त बनाउनको लागी यस गाउँपालिका भित्रका १२ जना युवाहरुलाई ४० दिने पक्कीघर बनाउने दक्ष मिस्त्री तालिम प्रदान गरिएको छ।
- विपन्न तथा सुनौलो हजार दिने आमाहरुको पोषण सुनिश्चीतताका लागी आय-आर्जन सम्वन्धी ४ दिने बाख्रा पालन तालिम २ नं. वडा कार्यालय फलैचामा सम्पन्न गरिएको छ।
- लैंगिक समानताको बलियो आधार सृजनात्मक प्रविधिमा महिला पहुँचको विस्तार भन्ने मुल नाराका साथ ११३ औँ अन्तराष्ट्रिय नारी दिवश सफलता पुर्वक सम्पन्न गरिएको।
- प्रदेश सरकारबाट किशोरी सशक्तीकरण कार्यक्रम सम्पन्न गर्नका प्राप्त भएको रु. ७३००० किशोरी सशक्तीकरण कार्यक्रम कार्यान्वयनको लागि गणेश माध्यामिक विद्याललयसंग अनुदान सम्झौता गरिएको।

**(ग) पूर्वाधार क्षेत्र**

- यस याङवरक गाउँपालिकाको गौरवको आयोजनाको रुपमा सञ्चालित १५ शैया आधारभूत अस्पताल निर्माण योजना १४ करोड ७५ लाख २२ हजार ६ सय ४४ रुपैयामा २०७८/०४/२१ मा सम्झौता भई हाल सम्म २७.०४% वित्तिय प्रगती भएको छ।
- थर्पु मा.वि. को एकेडेमिक भवन निर्माण योजना ४ करोड ४३ लाख ४० हजार ५५ रुपैयामा मिति २०७९/०३/०९ मा सम्झौता भई हाल सम्म २२.८६% वित्तिय प्रगती भएको छ।
- यस चालु आ.व. को माघ ०१ देखि चैत्र मसान्त सम्मामा ७.६ कि.मि. सडक स्तरउन्नती भएको छ।
- यस तेस्रो त्रैमासिक अवधिमा ४०० मिटर नयाँ सडक ट्र्याक निर्माणको कार्य भएको छ।
- साना सिंचाई कार्यक्रम अन्तरग ६ वटा नयाँ सिंचाई योजनाहरुको सम्झौता निर्माण कार्य भईरहेको छ  सेलेजुङ सिचाई आयोजनाको कार्य सम्पन्न भएको छ।
- समुदायीक भवनको हल निर्माणको लागि २५ लाख ५९ हजार ५ सय ६ रुपैयामा मिति २०७९/०३/१२ गते सम्झौता भई हाल निर्माण कार्य सम्पन्न भएको छ।
- यो चालु आ.व. को तेस्रो त्रैमासिकमा टोल विकास संस्था मार्फत सञ्चालन हुने **५०** वटा योजना सम्झौता भएको छ भने **१९** वटा योजनाहरुको अन्तिम भुक्तानी भइसकेको छ। बाँकी योजनाहरु कार्य सम्पन्नको अन्तिम चरणमा रहेको छ।

**(घ) संस्थागत विकास सेवा प्रवाह र सुशासन**

- च्याङथापु, थर्पु र गणेश चौक बजार क्षेत्रको सि.सि. क्यामेरा मर्मत गरी सञ्चालन गरिएको छ।
- गाउँ कार्यपालिकाको कार्यालय अन्तरगतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा ई हाजिरी मेशिन जडान गरिएको छ।
- सबै वडा कार्यालयबाट हुने व्यक्तिगत घटना दर्ता अनलाईन विद्युतीय प्रणालीबाट मात्र दर्ता हुने गरेको छ।
- यस चालु आ.व. को माघ १ गते देखि चैत्र मसान्त सम्ममा जन्म दर्ता १८८, मृत्यु दर्ता ५३, विवाह दर्ता ६२ सम्बन्ध विच्छेद ४ बसई सराई आएको ५ र गएको ३५ गरी जम्मा ४४७ व्यक्तिगत घटनाहरु दर्ता भएको छ।
- सबै किसिमका सामाजिक सुरक्षा भत्ताहरु सिभिल बैंक मार्फत प्रत्येक त्रैमासिक रुपमा सम्बन्धित वडामा भत्ता वितरण शिविर सञ्चालन गरी वितरण गर्ने गरीएको।
- सामाजिक सुरक्षा भत्ता तर्फको तेस्रो त्रैमासिक भत्ता १६ सय ४१ जनाको बैंक खातामा रु १ करोड ६७ लाख ५१ हजार ९ सय ७२ रुपैया निकासा भएको छ।
- यस गाउँपालिकाबाट चालु आ.व. २०७९/०८० को तेस्रो त्रैमासिक अवधिमा ५ वटा ऐन हुन निर्माण भई हाल कार्यान्वयन भई रहेको छ।

**(ङ) प्रधानमन्त्री रोजगार कार्यक्रम**

- रोजगार आयोजनाहरु  १५ वटा सम्झौता कार्य सम्पन्न भएको छ।
- रोजगार उपभोक्ता समितिलाई आयोजना कार्यान्वयन सम्बन्धी अनुशिक्षण (२०७९ माघ १५ देखि २०७९ माघ २२ सम्म ) सम्पन्न भएको ।

- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम (२०७९ फागुन ०१ देखि २०७९ फागुन ०७ सम्म ) सम्पन्न ।
- आ.व. २०८०/८१ को लागि बेरोजगार ब्यक्ति सूचिकरणको सूचना प्रकाशन, वडा कार्यालय मार्फत आवेदन संकलन आवश्यक छानविन पश्चात गाँउ कार्यपालिकाबाट स्वीकृत गराई EMIS प्रविष्टि गर्ने कार्य सम्पन्न ।
- रोजगारमा संलग्न बेरोजगार ब्यक्तिहरुलाई लाभग्राही परिचयपत्र वितरण ।
- वैदेशिक रोजगारीमा जानेहरुको लागि ब्यक्तिगत श्रम स्वीकृति र पुन: स्वीकृतिको लागि अनलाइन आवेदन दिने कार्यको लागि सूचना प्रकाशन र प्रचार प्रसार ।

**(च) अन्य**

- न्यायीक समितमा दर्ता भएका विवादको स्थायी निरुपणको लागि मेलमिलापकर्ताहरुको व्यवस्थापन गरीएको ।
- न्यायीक समितिमा आ.व. २०७९/०८० को तेस्रो त्रैमासिक अवधिमा इत्जत आमद अनुसारको खान लगाउन तथा शिक्षा दिक्षा नदिएको विषयमा १ वटा विवाद दर्ता भएकोमा हाल उक्त विवाद मेममिलापको माध्यबाट निरुपण भई सकेको छ ।
- यस गाउँपालिकाको फोहरमैला व्यवस्थापनको लागी व्यवस्थित डम्पिङसाईट निर्माणको लागि जग्गा प्राप्तीको प्रकृया अगिवढाइएको छ । जसको लागी समिति गठन गरी जग्गा छनोटको कार्य भईरहेको छ ।
- यस याङवरक गाउँपालिकाको आ.व. २०७८/०७९ को कुल १ अर्व १३ करोड ८२ लाख ७१ हजार रुपैयाको अन्तिम लेखापरिक्षण भएकोमा रु १८ हजार बेरुजु कायम भई नेपालको कम बेरुजु हुने पालिका मध्ये यो याङवरक गाउँपालिका दोस्रो हुन सफल भएको छ भने यस गाउँपालिकाको स्थानीय तह भएपछी आ. २०७३/०७४ देखी हाल सम्मको कुल बेरुजु ७३ लाख ७५ हजार ६ सय ८६ रुपैया रहेको छ ।

**उपस्थित सम्पुर्ण आमाबुवा,दाजु भाइ तथा दिदी बहिनीहरु ,**

अब म चालु आको हाल सम्मको बित्तीय प्रगति प्रतिवेदन पेश गर्न चाहन्छु । .ब.

- यस चालु आ.व. मा आन्तरीक राजस्व रु ४६ लाख ५० हजार अनुमान गरीएकोमा हाल सम्म रु ५१ लाख ७६ हजार १ सय २९ रुपैया राजस्व संकलन भईसकेको छ ।
- यो तेस्रो त्रैमासिक लक्ष रु ११ लाख ६२ हजार ५ सय लिइएकोमा रु १८ लाख १९ हजार ५ सय ९२ रुपैया संकलन भएको छ । जुन लक्षको १ सय ५६ प्रतिशतले संकलन भएको छ ।
- सङ्घीय सरकारबाट समानिकरण अनुदान रु ९ करोड ९१ लाख बजेट सिलिङ प्राप्त भएको रु ७ करोड ४३ लाख २५ हजार प्राप्त भएको सशर्त अनुदान २६ करोड ६ लाख ६८ हजार मा १९ करोड ९९ लाख २६ हजार निकाशा प्राप्त भएको छ । विषेश अनुदान १ करोड ९० लाख मध्ये १ करोड ४२ लाख ५० हजार निकासा प्राप्त भएको छ । समपुरक अनुदान १ करोड मध्ये ७५ लाख निकासा प्राप्त भएको छ ।
- प्रदेश सरकारबाट समानिकरण अनुदान ५१ लाख ६६ हजार मध्ये ३८ लाख ७४ हजार ५ सय रुपैया निकासा प्राप्त भएको छ । सर्शत अनुदान १ करोड ६२ लाख ९ हजार मध्ये १ करोड ६२ लाख ९ हजार निकासा प्राप्त भएको छ । समपुरक अनुदान १ करोड मध्ये १ करोड निकासा प्राप्त भएको छ ।

- संघीय सरका राजस्वबाँडफाँड तर्फ ८ करोड ७१ लाख ५५ हजार मध्ये ४ करोड ८१ लाख ६० हजार २६ रुपैया प्राप्त भएको छ।
- प्रदेश सरकार राजस्व बाँडफाँडबाट ४७ लाख ८३ हजार मध्ये २२ लाख २० हजार ८९ रुपैया प्राप्त भएको छ।
- कुल विनियोजन रु ५२ करोड ५ लाख ८९ हजार ८ रुपैया मध्ये २६ करोड ८९ लाख ७० हजार ९ सय ५६ रुपैया खर्च भएको छ। जुन कुल बजेटको **५१.६६** प्रतिशत खर्च भएको छ।
- यस चालु आ.व.मा गाउँपालिकाबाट आकस्मिक कोषको स्थापना गरी विभिन्न किसिमका आर्थिक सहयोगहरु भएका जसअनुसार यस त्रैमासिक अवधिमा यस पालिकाबाट ९ जनालाई १ लाख १६ हजार आर्थिक सहायता प्रदान गरीएको छ।

  अन्त्यमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथी बिषेश अतिथी, अतिथी तथा सम्पूर्ण , याङवरक वासी आमा बुवा,दाजुभाई दिदी बहिनीहरुबाट थप सल्लाह सुझाबको अपेक्षा सहित विदा हुन चाहान्छु।

**नमस्कार !!** **सेवारो !!!!**

८)    **सेवाप्रदायक सस्थाका तर्फबाट प्रश्तुत अभिमत र नागरिक प्रतिवेदन पत्रको रिपोर्ट।**








## प्रतिनिधीमुलक सहभागि विवरण

- वडा कार्यालय, गाउँ पालिका र पालिका भित्रका अन्य सेवा प्रदायक संस्थाहरुमा सेवा लिन आएका सहभागिको समेत धारणा समेटिएको


## प्रतिनिधीमुलक सहभागि विवरण



# परिचय खुलाउने चाहने/नचाहने सहभागी विवरण




# शिक्षाको आधारमा सहभागी विवरण






**९) कार्यक्रममा भएका सवाल जवाफहरु ।**

| क्र.सं. | प्रश्नकर्ताको नाम ठेगाना | प्रश्न | उत्तरदाता | जवाफ |
|---|---|---|---|---|
| १ | दलप्रसाद योङहाङ याङवरक ३ | प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको वजेट मध्य पहाडी लोकमार्गको सरसफाई र मर्मतमा लगानी गरियो किन ? | बिमल राइ वडाध्यक्ष वडा नम्वर ३ | मध्य पहाडी लोकमार्गको ओयाम खण्डमा वर्षाद र बाढीले धेरै क्षति पुर्याउने गरेको छ । यहाँ काम गर्ने ठेकेदार काम छोडेर सम्पर्कमा नरहेका कारण मर्मत गर्नुपर्ने दायित्व सम्झेर प्रधानमन्त्री रोजगार कार्यक्रमको वजेट थोर बहुत लगानी गरिएको छ । सडक मर्मत नगर्दा तपाइ हामीलाई नै अप्ठेरो हुन्थ्यो र हुन्छ पनि । |
| | | योजना बाँडफाँट र बजेट विनियोजनका क्रममा टोल विकास सस्थाका पदाधिकारीलाई किन समावेश गराइएन | | योजना छनौटका क्रममा सवै टोलका मागलाई सम्वोधन गर्ने कोशिष गरिएको छ । टोल विकास सस्थाको सस्थागत प्रतिनिधित्वका लागि प्रयत्न पनि गरिएको छ । आगामी वर्षको बजेट निर्माणको पुर्व तयारी |

| क्र.सं. | प्रश्नकर्ताको नाम ठेगाना | प्रश्न | उत्तरदाता | जवाफ |
| --- | --- | --- | --- | --- |
| | | | | गरिरँहदा व्यक्तिगत भन्दा पनि सामुहिक हितका लागि टोल विकास संस्थाबाटै योजना माग गर्न अनुरोध गर्दछु । |
| | | वारेवुङ माङसेरे डाँडामा रहेको चिया बगानमा सिञ्चाइका लागि पाइप र भवन निर्माण मोटरबाटोको लागि बजेट मागिएको थियो किन सुनुवाई भएन ? | | चिया बगान सँग सम्वन्धित चिया किसानको माग वडाको बजेटबाट सम्भव नहुने भएकाले सम्वोधनका लागि गाउँपालिकामा फाइल पठाइएको छ । आगामी वर्षको वजेटमा माग सम्वोधन हुनेमा म सहित वडा नम्वर ३ का जनप्रतिनिधि विश्वस्त छौं । |
| २ | सर्ण कुमार योङ्या याङवरक ३ विहानी किसान समूह अध्यक्ष | मध्य पहाडी लोकमार्ग जताततै भत्केको छ । बाढीले कुलो र खानेपानी सहित स साना बाटा घाटामा क्षति पुगेको छ । वडा कार्यालयले किन मर्मत नगरेको ? | भिमवहादुर यो ङया पालिका अध्यक्ष | मध्य पहाडी लोकमार्गमा ठेकेदारले लापरवाहि गरेका कारण समस्या आएको हो । हामीले पटक पटक ठेकेदार र पुर्वाधार मन्त्रालयमा काम अगाडी वढाउन नभए ठेक्का तोड्न ताकेता गरेका छौ । केहि नगरेको भन्न मिल्दैन । फेरी सामग्री ढुवानी र आवागमनमा अप्ठेरो नहोस भनेर मर्मत पनि गरिरहेकै छौ । |
| ४ | दलप्रसाद योङहाङ याङवरक ३ | माग गरेको लामो समय सम्म पनि याङवरक ३ मा विजुलीको पोल आएन किन होला | बिमल राई वडाध्यक्ष वडा नम्वर ३ | वडा नम्वर ३ का सवै घर धुरीमा विजुली पुर्याउन लागि परेका छौं । १५ दिन भित्रै सवै घरमा विद्युत पुर्याउछौ । |
| ५ | अर्जुन राई याङवरक ३ | टोल विकास संस्थामा साविकका वडाबाट मात्रै प्रतिनिधित्व छ । यसमा सवै टोलबाट प्रतिनिधित्व हुने वातावरण बनाउनु पर्यो । | | जवाफ आएन |
| | | निर्माणाधिन हाइड्रो पावरका कारण पर्यावरणमा असर परेको छ । उसलाइ सचेत बनाएर | | हाइड्रो पावरलाइ ध्यानाकर्षण गराइ रहेका छो । यो विषयमा सवै लाग्नु पर्छ । |

| क्र.सं. | प्रश्नकर्ताको नाम ठेगाना | प्रश्न | उत्तरदाता | जवाफ |
|---|---|---|---|---|
| | | विगारेका संरचना बनाउन लगाउनु पर्यो | | |
| | | सिरुवानी जाने मोटर बाटेको काम भयो कि भएन जानकारी पाउ। काम भएन भन्ने गुनासो आएको छ। | | काम भइरहेको छ। गुणस्तरी काम गर्न गराउन हामी प्रतिवध्द छै। कमी कमजोरी भएका ठाँउमा तपाँइहरुले पनि ध्यानाकर्षण गराउनु होला। |
| ६ | उमा वडारी वडा नम्वर ३ | गाँउ पालिकाले साहित्यको विकासका लागि किन लगानी नगरेको होला | भिमवहादुर योङ्या पालिका अध्यक्ष | साहित्यको विकासका लागि हाम्रो ध्यान पुगेको रहेनछ। स्मरण गराउनु भएकोमा धन्यवाद। आगामी वर्ष केहि कार्यक्रम आउँछन। |
| | | शिक्षकहरुलाइ सम्वन्धित विषयका विज्ञवाट तालिम दिन गाउँपालिकाले के योजना बनाएको छ। | भिमवहादुर योङ्या पालिका अध्यक्ष | शिक्षा शाखाबाट पहिचान गरेर तालिमका लागि कार्यक्रम ल्याउँछो। कहि समय लाग्न सक्छ। |
| | | विषयगत कार्यालयको जिम्वेवारीमा रहेका कर्मचारीलाइ वडा सचिवको जिम्वेवारी दिंदा समस्या भयो। कहिले सम्ममा स्थायी सचिव आउछन भनिदिनु पर्यो। | सुमन लिङदेन प्रमूख प्रशासकीय अधिकृत | हालै वडा नम्वर १ र २ मा लोकसेवावाट स्थायी सचिव आएका छन। वाँकी वडामा पनि चाँडै आउँछन। काम सजिलो हुन्छ चिन्ता नमान्नुहोस। |
| ७ | जगत कटुवाल नेकपा एस | योजना बनाँउदा सवै दलको राय लिनुहोला। | भिमवहादुर योङ्या पालिका अध्यक्ष | सवैको राय लिने गरेका छै। काखा र पाखा गरिएको छैन। |
| ८ | महेन्द्र योङ्या माओवादी केन्द्र | असारे विकास बन्द गरियोस। रोकिएको कित्ताकाट खुलाउन पहल होस। | भिमवहादुर योङ्या पालिका अध्यक्ष | असारे विकास रोक्न सवै एकजुट हुनपर्छ। उपभोक्ताले समयमै काम गरेर भुक्तानी लिए यो समस्या दोहोरिन्न। तपाइ हामी सवै यसमा जुट्नु पर्छ। |
| | | वडा नम्वर ३ को वजेट र योजना पालिका अध्यक्षले थर्पु मै वसेर बनाउनु हुन्छ | | वडाको बजेट पालिका अध्यक्षले बनाउनु हुन्छ भन्ने आरोप मात्र हो। के यसो गर्दा वडाध्यक्ष मान्नु हुन्छ होला त। |

| क्र.सं. | प्रश्नकर्ताको नाम ठेगाना | प्रश्न | उत्तरदाता | जवाफ |
|---|---|---|---|---|
| | | भन्ने सुनेको छु। यो के हो यदी हो भने दुर्भाग्य हो। | | |
| ९ | शेरवहादुर नुगो सभापति नेपाली काङग्रेस याङवरक गाउँपालिका | गाउँपालिलकाले सार्वजनिक महत्वका सवै कार्यक्रममा सर्वदलीय छलफल गर्ने परिपाटिको विकास गर्न सकेस। | | दलीय आश्थाका आधारमा विभेद गरेको छैन र गरिन्न। म विश्वास दिलाउन चाहन्छु। |

**११. सार्वजनिक प्रतिवद्धता**

- सार्वजनिक सुनवाइमा कुनै गाउँपालिका अध्यक्ष भिमबहादुर योङया (सुवाष) ले सुझावहरुलाई कार्यन्वयन गर्न आफुहरु तत्पर रहेको प्रतिवद्धता जनाउनुभयो।
- याङवरक गाउँपालिकाका जनप्रतिनिधि जनताका सेवक भएकाले नहिचकिचाई आफ्ना समस्या राख्न नागरिकलाइ सुझाव दिँदै समस्या समाधानका लागि प्रयत्नसिल रहने उहाँको प्रतिवद्वता थियो।
- योजना छनौट देखि कार्यक्रम कार्यन्वयनका क्रममा राजनैतिक आश्थाका आधारमा विभेद नगर्ने प्रतिवद्वता पनि योङयाले व्यक्त गर्नुभयो।
- प्रमूख प्रशासकीय अधिकृत सुमन लिङदेनले गाउँपालिकाले गर्दै आएका क्रियाकलापलाई परिमार्जित गर्न सुझाव आएपनि विकल्पहरु प्रश्तुत नभएकाले विकल्प सहित सुझाब पेश भएमा कार्यन्वयन गर्ने प्रतिवद्धता जनाउनुभयो।
- स्थायी सचिव नहुँदा कार्य सम्पादनमा समस्या आएको भन्ने नागरिकका सवालको जवाफमा प्रमूख प्रशासकीय अधिकृत सुमन लिङदेनले वडा नम्वर १ र २ मा स्थायी सचिव आइसकेको र ततकाल अन्य वडामा पनि आउने भएकाले त्यस्तो समस्या दोहोरिन नदिने प्रतिवद्धता जनाउनु भयो।

**१२. कार्यक्रमका सवल पक्षहरु:**

- स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु, सञ्चारकर्मी तथा सरोकारवाला र उपभोक्ताको सहभागीतामा सञ्चालन गरिएको।
- भौतिक र बित्तीय प्रगती प्रस्तुत गरिएको।
- सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिईएको।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई सञ्चालन भएको।
- जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका।
- नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाईको सूचना रेडियोवाट समेत प्रशारण गरिएको।

- अध्यक्ष उपाध्यक्ष, वडाध्यक्षहरु र प्रशासकीय अधिकृत सहित विषयगत शाखा प्रमूखहरु जवाफदेहि बक्ताको रुपमा रहेका ।
- सार्वजनिक सुनुवाई कार्यक्रम रेडियोवाट प्रत्यक्ष र पुनः प्रशारण गरिएको ।

## १३) सुधार गर्नुपर्ने पक्षहरु

वडा अध्यक्ष सहित नगर सभाका सबै जनप्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने । सेवाग्राहि र उपभोक्ताहरुको सहभागिताका लागि वडाहरुले पनि पहल गर्नुपर्ने ।

## १४) निष्कर्ष :

याङवरक गाउँपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उदेश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । गाउँलिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले कृषी, खानेपानी, विद्युत क्षेत्रका समस्यासँगै , पर्यटन क्षेत्रको प्रबद्धन, संरक्षण र विकास, सडक निर्माण, पशु बिमा, कृषि कार्यक्रम, सडक निर्माण, रणनीतिक योजनाको सार्वजनिक, खेलकुद, डोजर प्रयोग, नगर बसपार्क सञ्चालन लगाएतका विषयमा प्रश्न तथा सुझाव दिएका थिए ।

पालिका स्तरीय राजनैतिक दलका प्रतिनिधिहरु, सञ्चारकर्मीहरु तथा जन निर्वाचित प्रतिनिधिहरुको उपस्थितिमा सञ्चालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको गणात्मक सहभागीता रहेको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल जवाफ पाएका थिए । प्रश्नकर्ता नागरिकहरुले राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समेत प्रभावकारी कार्यहरु गर्नुपर्ने बताएका थिए ।

कार्यविधिले ब्यवस्था गरे अनरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । गाउँपालिका अध्यक्ष उपाध्यक्ष प्रमूख प्रशासकीय अधिकृत वडा अध्यक्षहरु सहितको सहभागीता रहेबाट पनि सार्वजनिक सुनुवाई फलदायी भएको देखिन्छ ।

जिल्लाका कार्यालय प्रमुख, विभिन्न निकायका जिम्मेवार प्रतिनिधि सहित सञ्चारमाध्यमहरुलाई समेत वडा तथा नगरपालिकाको केन्द्रमा उपस्थिति गराई सार्वजनिक नियमित गर्न सके सार्वजनिक सुनुवाईको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

**समाप्त**